

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ५९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन ३० गते बुधबार ❑ 13 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गण्डकीमा नयाँ सरकार गठनमा राप्रपा निर्णायक

**पोखरापत्र संवाददाता**
पोखरा, २९ फागुन

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले साथ नदिएसम्म गण्डकी प्रदेशमा नयाँ सत्तासमीकरण अनुसार सरकार बन्न सक्ने अवस्था छैन ।

नेकपा (एमाले)का २२, नेकपा (माओवादी केन्द्र)का सात (सभामुखबाहेक) र नेकपा (एकीकृत समाजवादी)का एक गरी ३० प्रदेशसभा सदस्य नयाँ गठबन्धन दलसँग छन् ।

कुल ६० सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ३१ बहुमत सदस्यको समर्थन चाहिन्छ । गठबन्धनलाई बहुमत पुर्‍याउन एक प्रदेशसभा सदस्य अपुग भइरहेका बेला दुई प्रदेशसभा सदस्य रहेको राप्रपा सरकार निर्माणमा निर्णायक देखिएको छ। नयाँ सरकार गठनका लागि प्रदेशसभाको गणित अनुकूल नभएपछि गठबन्धनमा आबद्ध दलहरूले राप्रपाको साथ खोजेका छन् । एमाले र माओवादी केन्द्रका नेताहरूले राप्रपासँगको संवादलाई अगाडि बढाएका छन् । एमाले प्रदेशसभा संसदीय दलका प्रमुख सचेतक गोविन्दबहादुर नेपालीले राप्रपाले गठबन्धनलाई समर्थन गर्ने दाबी गर्नुभयो। "राप्रपाले गण्डकी प्रदेश सरकार गठनमा सहयोग गर्नेमा हामी ढुक्क छौँ, जिम्मेवार दलका रूपमा राजनीतिक स्थिरताका लागि भूमिका खेल्नु उसको पनि दायित्व हो", उहाँले भन्नुभयो, "विगतदेखि नै राप्रपासँग सहकार्य हुँदै आएको हो, अहिले पनि मिलेरै अगाडि बढ्ने वातावरण तयार हुँदैछ ।" राप्रपाको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले गरेको निर्णयले पनि गण्डकीमा गठबन्धनलाई सरकार गठन गर्न सहज हुने देखिएको प्रमुख सचेतक नेपालीले बताउनुभयो ।

सोमबारको बैठकबाट सङ्घ सरकारलाई समर्थन नगर्ने निर्णयमा पुगेको राप्रपाले प्रदेश सरकारलाई समर्थन गर्नुपर्ने परिस्थिति आएमा भने पार्टी अध्यक्षले सम्बन्धित प्रदेशसँग परामर्श गरेर उपुयक्त निर्णय लिनसक्ने निष्कर्ष निकालेको थियो। "राप्रपा वर्तमान सत्ता गठबन्धनमा सहभागी नहुने, विपक्षमा मतदान गर्ने र विपक्षमा बस्ने निर्णय गरिएको छ । प्रदेश सरकारमा पनि तत्काल सहभागी नहुने, समर्थन गर्नुपर्ने परिस्थिति आएमा पार्टी अध्यक्षले उपयुक्त समयमा सम्बन्धित प्रदेशको परामर्श लिएर निर्णय लिने निर्णय गरिएको छ", राप्रपाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) गण्डकी प्रदेशसभा संसदीय दलका प्रमुख सचेतक कुसुम बुढा पुनले पनि गण्डकीको सत्ता-राजनीतिमा देखिएको अन्योलता हटाउन राप्रपाले सकारात्मक भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । संसदीय दलको बैठकले परिवर्तित सन्दर्भमा नयाँ सरकार निर्माण प्रक्रियामा सहज र स्वाभाविक राजनीतिक निकासका लागि सहयोग गर्न दलहरूलाई आह्वान गर्ने निर्णयसमेत गरेको उहाँले जानकारी दिनुभयो। "माओवादी केन्द्रका तर्फबाट राप्रपालगायत अन्य राजनीतिक दल र पक्षसँग आवश्यक संवाद तथा समन्वयका लागि दलका नेता हरिबहादुर चुमानलाई जिम्मा दिइएको छ", प्रमुख सचेतक पुनले भन्नुभयो । माओवादी केन्द्र प्रदेशसभा संसदीय दलका नेता चुमानले पनि नयाँ गठबन्धनकै सरकार बन्ने जिकिर गर्नुभयो । "राप्रपासँग हामी संवादमै छौँ, गठबन्धनको केन्द्र तहबाट पनि सहकार्यका लागि पहल भइरहेको छ", उहाँले भन्नुभयो, "नयाँ गठबन्धनकै सरकार बन्छ, नेतृत्व कुन दलले गर्ने भन्ने विषय भने टुङ्गिन बाँकी छ ।" २७ सिटको कांग्रेससँग राप्रपा मिल्दा पनि बहुमत नपुग्ने हुँदा राप्रपाले एमाले-माओवादी केन्द्रसहितको गठबन्धनलाई नै सघाउने नेता चुमानको विश्वास छ । गठबन्धनले प्रदेशको राजनीतिक शक्ति सन्तुलनका आधारमा नयाँ सरकार गठनको प्रक्रियालाई अगाडि बढाउने उहाँले बताउनुभयो । अन्य दलको नेतृत्वमा पटक-पटक प्रदेश सरकारका सहभागी भएको भन्दै अब बन्ने सरकारको नेतृत्वमा माओवादी केन्द्रको सशक्त दाबी रहने नेता चुमानले बताउनुभयो । चारपटकसम्म प्रदेश सरकारमा पुगेको माओवादी केन्द्रले अहिलेसम्म मुख्यमन्त्री पाउन सकेको छैन ।

मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विश्वासको मत पाउने अवस्था नरहेकाले संवैधानिक प्रक्रियाअनुसार नयाँ सरकार बन्ने नेता चुमानको भनाइ छ । माओवादी केन्द्रले यही फागुन २३ गते समर्थन फिर्ता लिएसँगै कांग्रेस नेतृत्वको गण्डकी प्रदेश सरकार अल्पमतमा परेको छ । त्यसअघि फागुन २२ गते मुख्यमन्त्री पाण्डेले माओवादी केन्द्रका दुई मन्त्रीलाई बर्खास्त गर्नुभएको थियो । बहुमत गुमाउनुभएका मुख्यमन्त्री पाण्डेले ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था छ। राप्रपा प्रदेशसभा संसदीय दलका नेता पञ्चराम गुरुङले सहज राजनीतिक निकासका लागि राप्रपा जिम्मेवार ढङ्गले प्रस्तुत हुने बताउनुभयो। पार्टी केन्द्रसँगको परामर्श र निर्देशनअनुसार प्रदेश सरकारलाई समर्थन गर्ने/नगर्ने विषय टुङ्गो लाग्ने उहाँको भनाइ छ। "राप्रपाले अघि सारेका मुद्दा र मागका विषयमा केन्द्र सरकार कसरी प्रस्तुत हुन्छ, त्यसमा भर पर्छ", उहाँले भन्नुभयो, "एउटा जिम्मेवार राजनीतिक दलका हिसाबले हामीले परिपक्व निर्णय लिन्छौँ, अहिले नै के हुन्छ भन्न सकिने अवस्था छैन, पार्टी केन्द्रको निर्देशनलाई पर्खिरहेका छौँ ।"

## सरकारलाई सफल बनाउन पाँच दलबीच सहमति

**रासस**
काठमाडौं, २९ फागुन

सत्ता गठबन्धनमा रहेका पाँच राजनीतिक दलबीच नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को नेतृत्वमा पुनर्गठित वर्तमान सरकारलाई सुदृढ र सफल पार्ने सहमति भएको छ ।

सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने पाँच राजनीतिक दलका शीर्ष नेतृत्वको बैठकले उक्त सहमति गर्दै राष्ट्रियसभाको रिक्त रहेको अध्यक्ष पदमा माओवादी केन्द्रका उम्मेदवारलाई समर्थन गर्ने निर्णय गरेको हो । बैठकले राष्ट्रिय आवश्यकता र जनचाहनाअनुसार सरकारको कामलाई थप प्रभावकारी बनाउन तथा मुलुकको सुशासन, विकास, सामाजिक न्याय र समृद्धिका प्रश्नमा समान सोच राख्ने दलहरूका बीचमा सहकार्यलाई थप मजबुद गर्ने निर्णय गरेको हो । दलहरूबीच नयाँ संयुक्त सरकार गठन प्रक्रियामा सकारात्मक अन्य दलहरूसँग संवाद अघि बढाउने तथा सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक, शान्ति प्रक्रिया र देशमा स्थायी शान्ति कायम गर्नका लागि यससँग सम्बन्धित अन्य विषयहरू सहमतिका आधारमा अविलम्ब टुङ्ग्याउने सहमति भएको छ ।

सङ्घीयता कार्यान्वयनसँग सम्बन्धित बाँकी कानुन निर्माण गरी सबै तहका सरकारलाई प्रभावकारी बनाउने, तथा देशका आर्थिक समस्या सम्बोधन गर्दै राष्ट्रिय हित र लोकतन्त्रलाई सुदृढ बनाउन सरकारको नीति तथा कार्यक्रमलाई मार्गदर्शन गर्ने गरी सरकारमा सहभागी दलहरूका बीचमा साझा न्यूनतम कार्यक्रम तयार गर्ने दलहरूको सहमति छ ।

दलहरूबीच राजनीतिक दल राष्ट्रिय स्वाधीनता, सार्वभौमसत्ता र भौगोलिक अखण्डतालाई सुदृढ गर्न तथा समाजवादउन्मुख आर्थिक-सामाजिक विकासका लागि राजनीतिक स्थायित्वको दिशामा अघि बढ्न सहमति भएको समझदारीपत्रमा उल्लेख छ । पाँच राजनीतिक दलबीच जनचाहनाअनुरूप सुशासन, विकास र सामाजिक न्यायका आकाङ्क्षा पूरा गर्न, राष्ट्रिय हित र सरोकारलाई प्राथमिकतामा राखेर अघि बढ्ने सहमति भएको छ । सन्तुलित र फराकिलो अन्तरराष्ट्रिय सम्बन्धको विकास गर्न तथा नेपालको संविधानको मर्म र भावनाअनुरूप सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै समृद्धिको दिशामा प्रभावकारी ढङ्गले अघि बढ्ने दलहरूबीचको समझदारी छ । सातबुँदे सहमतिपत्रमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओली, माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री दाहाल, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधव नेपाल, राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने र जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले हस्ताक्षर गर्नुभएको छ ।

## राष्ट्रियसभाको अध्यक्षमा दाहाल निर्वाचित

**रासस**
काठमाडौं, २९ फागुन

राष्ट्रियसभाको अध्यक्षमा सांसद नारायणप्रसाद दाहाल निर्वाचित हुनुभएको छ ।

राष्ट्रिसभाको आजको बैठकमा भएको मतविभाजन प्रक्रियाको मत-परिणाम सुनाउँदै सभाको अध्यक्षता गरिरहनुभएका उपाध्यक्ष उर्मीला अर्यालले दाहालका पक्षमा ३९ मत परेकाले दाहाललाई निर्वाचित गरियोस् भन्ने प्रस्ताव पारित भएको घोषणा गर्नुभयो । त्यसअघि



दाहालका प्रतिस्पर्धी विपक्षी दलका उम्मेदवार नेपाली काँग्रेसका सांसद युवराज शर्मालाई निर्वाचित गरियोस् भन्ने प्रस्तावको पक्षमा १७ मत परेको थियो । दुवै प्रस्तावको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## स्थानीय तह कार्य सम्पादन मूल्याङ्कनमा पोखरा महानगरपालिका उत्कृष्ट

**पोखरापत्र संवाददाता**
पोखरा, २९ फागुन

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको आ.व २०७९/०८० मा स्थानीय तह कार्य सम्पादन मूल्याङ्कनमा पोखरा महानगरपालिकाले उत्कृष्ट अंक प्राप्त गरेको छ ।

आयोगले मंगलबार सार्वजनिक गरेको अन्तिम नतिजा अनुसार पोखरा महानगरपालिकाले ६२.७४ अंक प्राप्त गरेको हो । यस अघि आयोगले सार्वजनिक गरेको प्रारम्भिक नतिजामा विवरणहरू अद्यावधिकको समस्याका कारण अवस्था कमजोर देखिन पुगेको थियो । आयोगले दिएको समय सीमा भित्र महानगरपालिकाले सम्पादन गरेका कार्यहरू अद्यावधिक भएपछि नतिजामा उल्लेख्य प्रगति भएको छ ।

यस्तै स्थानीय तह संस्थागत क्षमता मूल्याङ्कनमा पनि पोखरा महानगरपालिकाले ८५.५ अंक प्राप्त गरेको छ भने, स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा ६० अंक प्राप्त गरेको छ ।

## तीनै तहका सरकारलाई आवश्यक कानुन निर्माणमा ढिलाइ हुँदैन: मन्त्री गिरी

**पोखरापत्र संवाददाता**
पर्वत, २९ फागुन

कानून, न्याय तथा संसदीय मामिला मन्त्री पदम गिरीले तीनै तहका सरकारलाई आवश्यक पर्ने कानुन निर्माण गर्न सङ्घीय सरकारले ढिला नगर्ने बताउनुभएको छ ।

मंगलबार गृह जिल्ला पर्वतमा नेपाल पत्रकार महासङ्घ पर्वत शाखाले आयोजना गरेको पत्रकार भेटघाटमा मन्त्री गिरीले आवश्यक कानुन निर्माणमा मन्त्रालय जुटेको बताउनुभयो । "अहिले पनि कतिपय महत्वपूर्ण ऐन, कानून र नीतिको अभावमा सङ्घीय, प्रदेश र स्थानीय सरकारले काम गर्न नपाइरहेको गुनासो छ । सो समस्या समाधानका लागि छिटोभन्दा छिटो आवश्यक ऐन निर्माणका लागि गृहकार्य



भइरहेको छ", उहाँले भन्नुभयो । मन्त्री गिरीले कतिपय नीति तथा कानून अहिलेको परिस्थिति प्रतिकुल रहेको भन्दै मुलुक र आम नागरिकका लागि आवश्यक नीति तथा कानून निर्माण जरुरी रहेकोमा जोड दिनुभयो । उहाँले आवश्यक ऐन तथा कानून निर्माणको जिम्मेवारी र दायित्व आफ्नो काँधमा आएको भन्दै सबै मन्त्रालय र सरोकारवालासँगको समन्वयमा अघि बढ्ने समेत उल्लेख गर्नुभयो ।

मन्त्री गिरीले मुलुक चरम आर्थिक सङ्कटमा रहेका बेला यसको सुधारका लागि उचित कानून निर्माण अहिलेको आवश्यकता भएको बताउनुभयो । "अहिलेका नीति लगानीमैत्री छैनन्", उहाँले भन्नुभयो, "लगानी र व्यावसायीमैत्री कानून बनाउन हामी लाग्छौं ।" वर्तमान सरकार मुलुकमा सुशासन कायम गर्नका लागि गम्भीर रहेको भन्दै मन्त्री गिरीले मुलुक अप्ठ्यारो अवस्थामा रहेका बेला सरकार परिणाममुखि काम गर्नेगरी अघि बढेको बताउनुभयो । उहाँले न्याय क्षेत्रमा रहेका विकृति बिसङ्गतीको पनि अन्त्य गरिने दाबी गर्नुभयो ।

उहाँले वर्तमान सत्तागठबन्धन आगामी चार वर्ष नै टिक्ने जिकिर गर्नुभयो । उहाँले सत्य निरुपण तथा मेलमिलाप, सङ्घीय निजामित ऐन र शिक्षा ऐन तत्काल सदनबाट पास गरेर देशलाई निकास दिने समेत उल्लेख गर्नुभयो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# इशारामा फुटबल खेल्दै सुस्त:श्रवण भएकाहरू

**पोखरापत्र संवाददाता**
पोखरा, २९ फागुन

सुस्तःश्रवण भएका (बहिरा खेलाडी) कसरी फुटबल खेल्न सक्छन् ? धेरैलाई उत्सुकता लाग्ने विषय हो । उनीहरू मज्जासँग फुटबल खेल्छन् । उनीहरूका लागि कुनै विशेष मैदान हुँदैनन् । सामान्य खेलाडी खेल्ने मैदानमा ती खेलाडी खेलिरहन्छन् ।

बहिरा खेलाडीहरू इशाराको भरमा फुटबल खेल्छन् । उनीहरूका लागि सङ्केत नै काफी हुन्छ । बोल्न नसक्ने र कानले पनि नसुन्ने भएकाले उनीहरूका लागि इशारा बेग्लै हुन्छ । निर्णायक भूमिकाका लागि 'रेफ्री' पनि मैदानमा तैनाथी हुन्छन् । रेफ्रीको एउटा हातमा रातो र अर्को हातमा हरियो झन्डा हुन्छ । खेलाडीले गल्ती गरे रेफ्रीले सिटी बजाउँदैनन्, मात्र रातो झन्डा हल्लाउँछन् । अनि बल चलाउनका लागि हरियो झन्डाले इशारा दिन्छन् ।

प्रशिक्षकले इशाराले सिकाउँछन् । इशाराकै भरमा खेलाडीले आपसमा बल माग्छन् । गोल हुँदा दर्शकले हुटिङ गर्नुको सट्टा दुवै हातमाथि माथि उठाएर औँला फिजाएर खुसियाली साट्छन् । 'बुझ्नेलाई इशारा काफी छ' भनेझैँ उनीहरूका लागि भाषाको सञ्चार हातको हाउभाउ हो । बागमती बहिरा महिला फुटबल टोलीकी कप्तान कोपिला गुरुङले आफूहरू यसरी नै फुटबल खेल्ने गरेको बताउनुहुन्छ ।

कोपिला गत शुक्रबार अन्तरराष्ट्रिय श्रमिक महिला दिवस मार्च ८ का दिन बहिरा फुटबल खेल क्लब पोखराले आयोजना गरेका बहिरा महिला फुटबल प्रतियोगिता खेल्न पोखरा आउनुभएको थियो । उहाँको टोली पोखरामा प्रथम भएको थियो । नक्साल बहिरा माविमा अध्ययनरत कोपिला बोल्न र सुन्न नसके पनि इशाराको भरमा सामान्य मानिसले जस्तै गरी फुटबल खेल्न सक्ने बताउनुहुन्छ । "हामी बोल्न र सुन्न नसके पनि सङ्केतको भरमा फुटबल खेल्न सक्छौँ, कुरा यति हो कि हाम्रा लागि पनि सरकारले केही सोचिदिनुपर्छ", दोभासेमार्फत कप्तान कोपिलाले भन्नुभयो, "मेरो लक्ष्य भनेको हाम्रो क्षेत्रबाट नेपाल राम्रो खेलेर विदेश गएर खेल्ने रहर छ ।" पोखरामा फुटबल खेल्न आउनुभएकी कञ्चनपुरकी बहिरा महिला फुटबल खेलाडी शर्मिला चौधरीको पनि चर्चित फुटबल खेलाडी बन्ने लक्ष्य रहेको छ । उहाँ सुदूरपश्चिम महिला बहिरा फुटबल टोलीको कप्तान हुनुहुन्छ । दक्षिणकाली बहिरा आवासीय माध्यामिक विद्यालयमा कक्षा ७ मा अध्ययनरत कप्तान शर्मिलाले बहिरा खेलाडीले उचित अवसर र तालिम पाए अन्तरराष्ट्रियस्तरमै प्रतिस्पर्धा गर्न सक्ने बताउनुभयो । दोभासेमार्फत शर्मिलाले भन्नुभयो, "हामीहरूका लागि उचित अवसरसँगै तालिम हुने हो भने हामी पनि अरू जस्तै अन्तरराष्ट्रिय प्रतियोगिता खेल्न सक्छौँ ।" रेफ्री कवीरमान गुरुङले अन्य प्रतियोगिता खेलाउँदाभन्दा केही फरक अनुभूति भएको बताउनुभयो । बहिरा खेलाडीलाई खेलाउँदा सिटी फुक्नुको सट्टा झन्डा हल्लाउनुपर्नेबाहेक सबै नियम समान भएको उहाँले बताउनुभयो । "अरू खेलभन्दा बहिरा खेलाडीलाई खेलाउँदा केही फरक छ हुने नै भयो तर उहाँहरू मज्जासँग खेल्न सक्नुहुन्छ", रेफ्री कवीरमानले भन्नुभयो, "उहाँको खेल हेर्दा राम्रो प्रशिक्षण पाउने हो भने सुन्ने व्यक्तिसँग प्रतिस्पर्धा गर्न सक्नुहुन्छ ।" बहिरा खेलाडीहरू पनि खेल्नका लागि सक्षम छ भन्ने सोचेर राज्यले लगानी गर्नुपर्ने दाभासेमार्फत बहिरा फुटबल खेल क्लब पोखराका सहसचिव सूर्यमोहन बरालले बताउनुभयो । बहिराहरूको पहिलो भाषा साङ्केतिक भाषा भएकाले राज्यले दोभासे उत्पादनमा जोड दिनुपर्ने उहाँको भनाइ छ ।

क्लबले यसभन्दा अघि बहिरा पुरुषको बीचमा प्रतियोगिता गर्दै आएको बताउँदै क्लबका सहसचिव बरालले यस वर्षदेखि महिलाका लागि पनि अवसर दिइएको बताउनुभयो । उहाँले बहिरा महिलाले पनि राम्रोसँग खेलेकाले आगामी वर्ष पनि बहिरा महिला फुटबलको आयोजना गर्ने प्रतिबद्धता जनाउनुभयो । कोशी, बागमती, सुदूरश्चिम र गण्डकी प्रदेशका दुई गरी पाँच टोलीको सहभागिता रहेको बहिरा महिला फुटबल प्रतियोगितामा बागमती प्रदेश च्याम्पियन बनेको थियो ।

पोखरा रङ्गशालामा भएको फाइनलमा सुदूरपश्चिम प्रदेशलाई 'टाइब्रेकर'मा २-० गोलअन्तरले पराजित गर्दै बागमतीले उपाधि जितेको हो । निर्धारित समयमा खेल बराबरीमा सकिएपछि खेलको टुङ्गो टाइब्रेकरबाट लागेको थियो । उपाधि जितेको बागमतीले ट्रफीसहित रु ५० हजार, मेडल र प्रमाणपत्र प्राप्त गऱ्यो । उपविजेता भएको सुदूरपश्चिमले रु ३० हजार साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको थियो ।

# बौद्धिकाली माथि बदला लिदा गलकोट नगरपालिकाले मादी अध्यक्ष कप भलिबल प्रतियोगिताको उपाधि जित्यो

**पोखरापत्र संवाददाता**
पोखरा, २९ फागुन




नवलपुरको बौद्धिकालि गाँउपालिकासंग बदला लिदै बागलुङको गलकोट नगरपालिले मादी अध्यक्ष कप भलिवल प्रतियोगिता-२०८० को उपाधि जितेको छ ।

स्याङ्जाकोटमा मंगलबार भएको फाइनल खेलमा गलकोटले बौद्धिकालिलाई केही समय अघि कास्कीको माछापुच्छ्रे गाउँपालिकामा भएको अध्यक्ष कपको फाइनलमा व्यहोरोको हारको बदला लिदै ३–१ को सेटमा पराजित गर्दै उपाधि सहित नगद ३ लाख प्राप्त गरेको छ ।

प्रथम पालिका स्तरीय उक्त प्रतियोगिताको फाइनल खेलमा गलकोटले पहिलो सेट २५–१४ मा लिदा बौदिकालिले दोश्रो सेट २५–२२ मा लियो भने बाँकी दुई सेट २५–१७ र २५–१५ मा गलकोटले आफ्नो पक्षमा पारेको हो । दुबै टिम गण्डकी प्रदेशका चिर परिचित प्रतिद्धोन्दी टिम हुन् । कास्कीको मादी गाउँपालिकाले आफ्नो स्थापना दिवसको अवसरमा आयोजना गरेको उक्त प्रतियोगितामा उपविजेता भएको बौदिकालीले भने २ लाख पुरस्कार प्राप्त गऱ्यो । प्रतियोगितामा तेश्रो र शान्त्वना स्थान आयोजक मार्दी गाउँपालिकाकोको ए र बी टिमले हासिल गर्न सफल भयो । तेश्रो हुनेले १ लाख र शान्त्वना हुनेले ५० हजारको साथमा शिल्ड, मेडल र प्रमाण पत्र प्राप्त गरे ।

प्रतियोगितामा १८ टिमले नाम दर्ता गरे पनि ११ टिमको मात्र सहभागिता रहेको प्रतियोगिता संयोजक एवं मार्दी गाउँपालीका वडा नम्बर ११ का अध्यक्ष चलचित्र गुरुङले बताउनु भयो । विजयी खेलाडीहरुलाई मादी गाउँपालिकाको अध्यक्ष देविजङ्ग गुरुङ, उपाध्यक्ष कल्पना गुरुङ, वडा अध्यक्षहरु सहितका अन्य खेलकुदकर्मीहरुले पुरस्कार वितरण गर्नु भएको थियो । कास्कीको मादी गाउँपालिकाले आफ्नो ८ औं स्थापना दिवसको अवसरमा पुरुष भलिवल सहितका विभिन्न कार्यक्रम आयोजना गरी स्थापना दिवस मनाएको अध्यक्ष गुरुङले जनाउनु भयो । स्थानिय मिलन क्लवको सहकार्यमा उक्त भलिवल प्रतियोगिता फागुनको २७ देखि सुरु भएको हो । खेल अभियान, पर्यटन र संस्कृतिको पहिचान भन्ने मुल नाराका साथ गाउँपालिकाले आफ्नो स्थापना भएको आठौं बर्षगांठमा भलिवल सहित विभिन्न कार्यक्रम गरेको थियो । पर्यटकीय तथा साँस्कृतिक हिसाबले महत्वपूर्ण क्षेत्रको रुपमा रहेको मादी गाँउपालिका नेपालको सबैभन्दा कम उचाईमा रहेको कपुचे हिमताल तथा नेपालकै मध्य विन्दु कोरी क्षेत्र यही गाउँपालिका रहेको छ । उक्त अवसरमा पालिकाले गाउँका ज्येष्ठ नागरिक, उत्कृष्ट किसान, शिक्षक, कर्मचारी, बिद्यालय लगायतलाई सम्मान गरेको प्रमुख प्रशासकिय अधिकृत कमल प्रसाद गौतमले बताउनु भयो ।

# राष्ट्रियसभाको..

मतदानमा ५६ सांसद सहभागी हुनुभयो भने एक सांसद तटस्थ बस्नुभएको थियो । कुल ५९ सदस्यीय हुने सो सभामा हाल ५८ सदस्य कायम हुनुहुन्छ ।

दाहाललाई अध्यक्ष पदको उम्मेदवारका लागि माओवादी केन्द्रका सांसद गोपीबहादुर सार्की अछामीले प्रस्ताव गर्नुभएको थियो भने नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद देवेन्द्र दाहाल, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सांसद बेदुराम भुसाल र जनता समाजवादी पार्टी नेपालका सांसद मोहम्मद खालिदले समर्थन गर्नुभएको थियो । सभाका नवनिर्वाचित अध्यक्ष दाहाललाई बधाई दिँदै उपाध्यक्ष अर्यालले कार्यकालको सफलताको कामना गर्नुभयो । नेपाली काग्रेसका उम्मेदवार शर्मालाई अध्यक्ष पदमा नेपाली काँग्रेसका सांसद आनन्दप्रसाद ढुङ्गानाले प्रस्ताव गर्नुभएको थियो भने काँग्रेसकै सांसद किरणबाबु श्रेष्ठ र लोकतान्त्रिक समाजवादी पार्टी नेपालका किशोर कुमार सिंहले समर्थन गर्नुभएको थियो । यसैगरी राष्ट्रियसभाका नवनिर्वाचित अध्यक्ष नारायणप्रसाद दाहालले उक्त सभाको गरिमा र महत्व बढाउन आफूले पहल गर्ने बताउनुभएको छ ।

सभा अध्यक्षमा निर्वाचित भएपछि बैठकबाट बाहिरिने क्रममा सञ्चारकर्मीहरूसँग कुरा गर्दै अध्यक्ष दाहालले यस संस्था अत्यावश्यक संस्था हो भन्ने मान्यता स्थापित गर्न भूमिका खेल्ने बताउनुभयो । "राष्ट्रियसभाले गर्नुपर्ने सबै दायित्व र भूमिकालाई पूरा गराउन म सबै दलसँग आवद्ध सदस्यलाई एकतावद्ध बनाएर लैजान प्रतिवद्ध छु । त्यसमा सफल हुन्छु भन्नेमा मलाई आत्मविश्वास पनि छ", अध्यक्ष दाहालले भन्नुभयो, "म त्यहीअनुसार अगाडि बढ्छु ।" संविधानमा उल्लेख भएअनुसार राष्ट्रियसभाले निर्वाह गर्नुपर्ने भूमिका तथा कार्यपालिकासँग जोडिएर आउने भूमिकालाई स्थापित गर्नेतर्फ आफूले काम गर्ने उहाँको भनाइ थियो । राष्ट्रियसभाको अधिकार क्षेत्रभित्र पर्ने हरेक कामलाई गम्भीरताका साथ लिएर आफू अगाडि बढ्ने बताउँदै उहाँले कानुन निर्माण या अन्य सवालमा सभाको गरिमा बढाउनेतर्फ आफू लाग्ने उहाँको भनाइ थियो ।

# पोखरामा गणित समाज गण्डकीको म्याथम्याटिक्स इन स्ट्रिट कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २९ फागुन

अन्तर्राष्ट्रिय गणित दिवस (मार्च १०)का अवसरमा नेपाल गणित समाज गण्डकीले हालै म्याथम्याट्रिक्स इन स्ट्रिट कार्यक्रम सम्पनन भएको छ ।

पोखराका खुदीलगायत विभिन्न सडकहरूमा भव्यताका साथ उक्त कार्यक्रम हालै सम्पन्न गरेको हो । कार्यक्रम पोखरा विश्वविद्यालयका उपकूलपति प्रा। डा। प्रेमनारायण अर्यालको प्रमुख आतिथ्यतामा भएको थियो ।

कार्यक्रममा गणित समाज, गण्डकीका अध्यक्ष प्रा. डा. त्रिभुवन शर्माले गणितको महत्त्व र यसको व्यावहारिक ज्ञान जनसमक्ष पुर्याउने कार्यक्रमको मुख्य उद्देश्य रहेको बताए । भने प्रमुख अतिथिले खेलका माध्यमबाट कार्यक्रमको उद्घाटन गर्दै गणित विषय आफैंमा अत्यन्त गहन भएकाले त्यस क्षेत्रमा काम गर्ने व्यक्तिहरूनै जिम्मेवार भएर लाग्नुपर्ने धारणा व्यक्त



गरे ।

पोखरा विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थानका डीन तथा गणित समाज गण्डकीका उपाध्यक्ष प्रा। राजनकुमार ठगुराठीले प्रकाश पारेका थिए ।

उक्त कार्यक्रममा कोषाध्यक्ष माधवप्रसाद पौडेल, सदस्यहरू मञ्जु सुवेदी, रमेशकुमार आचार्य र ठाकुरप्रसाद पोखेल तथा स्वयमसेवी विद्यार्थीहरूले आगन्तुकलाई गणितसम्बन्धी विभिन्न खेलहरु खेलाएर मनोरञ्जन दिएका थिए भने यसै अवसरमा मदरल्यान्डलगायतका विद्यालयका विद्यार्थीहरुले आफ्नो पायक पर्ने ठाउँमा यो दिवस मनाएका थिए ।

गणित समाज गण्डकीका सचिव विश्वराज अधिकारीले सञ्चालन गरेको औपचारिक कार्यक्रममा सदस्य डा। खरिका पराजुली र केन्द्रीय सहसचिव सह। प्रा। डा ईश्वरमणि अधिकारीले गणितसम्बन्धी कविता तथा गजल सुनाएका थिए ।


**बालविवाह सामाजिक र कानूनी अपराध हो**

◆बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,

◆उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,

◆त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ ।


**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

सुक्तिसुधा

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । –गीता

## सम्पादकीय

# मिटर व्याज पीडितका समस्याप्रति गम्भीर बन

संघर्षरत मिटरब्याजपीडितसँग सरकारले चारबुँदे सहमति गरेसंगै आन्दोलन स्थगित भएको छ । गृहमन्त्री रवि लामिछानेको पहलमा मिटर व्याज पीडितसंग वार्ता भएको थियो ।थप अधिकारसहित नयाँ जाँचबुझ आयोग गठन गर्नेलगायत सहमति भएको छ। संघर्षको ४२औँ दिनमा सोमबार सरकारसँग सहमति भएसँगै पीडितहरूले आन्दोलनका सबै कार्यक्रम पनि अन्त्य गर्ने घोषणा गरेका छन् । सहमतिपत्रमा हस्ताक्षर गर्नुअघि गृह मन्त्रालयमा दुई पक्षबीच वार्ता भएको थियो जहाँ उपप्रधान एवं गृहमन्त्री रवि लामिछाने नै उपस्थित थिए ।

सहमतिको पहिलो बुँदामा जाँचबुझ आयोग ऐनअनुसार तीन महिनाको अवधि दिएर तीन सदस्यीय आयोग गठन गर्न सरकारलाई सिफारिस गर्ने उल्लेख छ । दोस्रोमा आयोगको कार्यादेशसम्बन्धी बुँदा छन्, जसमा अवैध कागजहरू खारेज गर्न सिफारिस गर्नेसम्मका अधिकार आयोगलाई दिने विषय छ । तेस्रोमा मिटरब्याजपीडित शोषित उत्पीडित वर्गलाई आर्थिक सहायता, राहत र क्षतिपूर्तिका लागि आगामी बजेटमा आवश्यक व्यवस्था मिलाउन अर्थ मन्त्रालयलाई आग्रह गर्ने उल्लेख छ। त्यस्तै, चौथो बुँदामा मिटरब्याजविरुद्ध न्याय मार्चलगायतका आन्दोलनका कार्यक्रम अन्त्य गर्नेसम्बन्धी विषय छ ।नयाँ गठबन्धन भए लगत्तै ४२ दिनमा संघर्षका कार्यक्रम स्थगन गर्न मिटर व्याज पीडित संघर्ष समिति तयार हुनु सरकारप्रतिको विश्वास हो ।

गृह मन्त्री रवि लामिछानेले पहल लिए पनि गृहका सहसचिव रुद्र पण्डितको नेतृत्वमा गठन गरेको वार्ता समितिले पीडितहरूसँग सहमति गरेको थियो । मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदुर संघर्ष समितिको तर्फबाट नवलपरासीका अवधेश कुसवाहसहित नौजनाले सहमतिमा हस्ताक्षर गरेका छन् । गृहमन्त्री लामिछानेको उपस्थितिमा सहमतिमा हस्ताक्षर भएको हो । मिटरब्याजपीडितलाई न्याय दिलाउन सरकारले सुरुवात गरेको छ। गत ४ वैशाखमा जाँचबुझ आयोग ऐनअनुसार नै सरकारले पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा आयोग गठन गरेको थियो । जसले २६ मंसिरमा प्रधानमन्त्री पुष्पकमल दाहाललाई प्रतिवेदन बुझाएको थियो । तर, उक्त आयोगले पनि आफ्ना समस्या समाधान नगरेको भन्दै केही पीडितले फेरि आन्दोलन थालेका थिए। उनीहरूले पूर्वको काँकडभिट्टा र सुदूरपश्चिमको गड्डाचौकी नाकाबाट १६ माघमा एकै दिन 'न्यायका लागि मार्च' सुरु गरेका थिए। संघर्ष समितिले ३० हजार पीडितका समस्या समाधान नभएको दाबी गरेको छ।

भृकुटीमण्डपमा बसेर उनीहरू आन्दोलन गर्दै आएका थिए । फर्जी तमसुक, दृष्टिबन्धक र चेक अवैध घोषणा गरेर क्षतिपूर्ति दिनुपर्ने र त्यसका लागि शक्तिशाली आयोग गठन गर्नुपर्ने पीडितहरूको मुख्य माग थियो। सोहीअनुसार नयाँ आयोग गठन गर्न सरकार सहमत भएको हो। पीडित जनताका आवाज सुन्न सरकार तयारहुनु सकारात्मक हो। नयाँ बन्ने जाँचबुझ आयोगले फर्जी र अवैध लिखतहरू खारेजीका लागि सिफारिस गर्न सक्ने अधिकार पाउने उल्लेख छ । यसअघिको जाँचबुझ आयोगले संकलन गरी हाल प्रहरीमा पठाइएका र आयोग गठन भएपछि निवेदकबाट प्राप्त उजुरीको थप जाँचबुझ हुने पनि सहमतिपत्रमा लेखिएको छ।

पीडितको पक्षमा रहने प्रमाण संकलन, अध्ययन, अनुसन्धान, स्थलगत भ्रमण, सर्जमिन, छलफल गर्ने र साक्षी किनाराका व्यक्तिहरूसँग बयान लिने काम आयोगले गर्नेछ। कुनै साहुकारले अस्वाभाविक आम्दानी गरेको देखिएमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा अनुसन्धानका लागि आयोगले सिफारिस गर्ने सहमतिपत्रमा समेटिएको छ। मिटरब्याजसँग सम्बन्धित मुद्दाका कारण जरिवाना ठहर, बिगो कायम र कारागार चलान भएका पीडितका सम्बन्धमा प्रचलित कानुनबमोजिम पुनरावलोकन तथा माफी मिनाहाका लागि समेत आयोगले सिफारिस गर्न सक्ने कार्यादेशको प्रस्ताव गरिएको छ । मिटरब्याजका कारण भएको सम्पत्तिको हक हस्तान्तरण बदरसम्बन्धी कारबाही गर्नुपर्ने देखिएमा सम्बन्धित निकायसँग आवश्यक समन्वय र सहजीकरण गर्नेसमेत उल्लेख छ । सरकारले समस्या समाधानका लागि गरिएका काम र सहयोगले समस्या समाधानमा लचक हुनु हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : शुभ यात्रा |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# देवर्षि गोत्रीय रानाभाट बन्धुहरुको कुल पूजा तयारी पुरा

**पोखरापत्र संवाददाता**
बागलुङ, २९ फागुन

स्याङ्जाको फेदिखोला गाउँपालिका वडा नं. ३ भाटखोला, चिप्लेटीमा रहेको देवर्षि गोत्रिय रानाभाटहरुको कुल मन्दिरमा देवर्षि गोत्र ईष्ट कुल देवता पूजा व्यवस्थापन समितिको आयोजनामा फागुनको ३० गते हुने कुल पूजा सम्पुर्ण तयारी पुरा भएको छ।

हरेक ५/५ वर्षमा हुदै आएको कुल पुजा यस अगाडि ७ वर्ष पहिला भएको थियो । कोरोना महामारीका कारण स्थागित भएको पुजा यस वर्ष जुरेको थियो। यस वर्ष पनि शिवरात्रीको अघिल्लो दिन २४ गते क्षमा पूजा गरेर कुल पूजा २०८० फागुन ३० गते गरिने भएको हो। यस वर्ष कुल पुजाको साथ साथै आज २४ गते ७५ वर्ष माथिका गोत्रिय बुबाआमा, चेलीवेटी, आर्थिक सहयोगदाता, निर्माण कार्यमा खटिएर कार्य गर्ने, विभिन्न उपसमितिको जिम्मेवारीमा रहेर कार्य गर्ने गोत्रिय बन्धुलाई सम्मानपत्र तथा कदर पत्र द्वारा सम्मान गरिने कार्यक्रम रहेको पुजा व्यवस्थापन समितिका अध्यक्ष डिल बहादुर रानाभाटले वताए।

# जैमिनीको कृषि सडक स्तरोन्नति

**पोखरापत्र संवाददाता**
बागलुङ, २९ फागुन

जैमिनी नगरपालिकाको ठूलो क्षेत्र ओगट्ने कृषि सडकको स्तरोन्नति सुरु गरिएको छ । कृषि क्षेत्रको उत्पादनको बजारीकरणमा सहज होस् भन्ने उद्देश्यले सो सडक स्तरोन्नति सुरु गरिएको हो।

राम्रो कृषि उत्पादन हुने भू-भाग जोडिएको सो सडकलाई 'कृषि सडक' नामकरण गरी स्तरोन्नति सुरु गरिएको जैमिनी नगरपालिकाले जनाएको छ। सो सडकखण्डले नगरपालिकाका छ वटा वडालाई समेटेको छ।

कुश्मिसेरा, सकुर्वा, बिनामारे, अर्जेव, जैदी र छिस्ती समेटिएको ४३ किमि सडकलाई पक्की बनाउन बजेट विनियोजनका लागि सङ्घीय सरकारमार्फत दातृ निकायमा स्वीकृतिका लागि पठाइएको नगरपालिकाका उपप्रमुख हरिहर शर्माले बताउनुभयो । सडक स्तरोन्नतिका लागि गतवर्ष घुम्ती सडक ढलान, नाली निर्माण, पहिरो व्यवस्थापन गरिएको थियो भने हाल सकुर्वाबाट अर्जेवातर्फ रु ३५ लाख बिनियोजन भइ स्तरोन्नति भइरहेको छ । साथै छिस्तीतर्फबाट रु ५५ लाख बजेट बिनियोजन भइ स्तरोन्नति भइरहेको छ। "स्थानीय पूर्वाधार विभागको बजेटबाट सकुर्वाबाट अर्जेवातर्फको सडक स्तरोन्नति भइरहेको छ, छिस्तीमा समेत सडक बोर्ड र जैमिनी नगरपालिकाको साझेदारीमा सडक मर्मत भइरहेको छ", उपप्रमुख शर्माले भन्नुभयो, "हाम्रै कार्यकालयमा ३४ किमि समेटिएको जैमिनीको मेरुदण्डको रूपमा रहेको कृषि सडक कालोपत्र गर्छौं, अहिले दातृनिकायको सहयोगमा उक्त सडक कालोपत्र गर्नका लागि स्वीकृतिको तयारीमा छ ।" उहाँले सो सडक कालोपत्र गर्न रु ५० करोड बजेट आवश्यक भएको बताउनुभयो।

कृषि सडकका कारण यहाँका किसान लाभान्वित भएको सर्कुवाका किसान बाबुराम पौडेल बताउनुहुन्छ। यहाँका कृषि उत्पादनलाई बजारसँग जोड्न कृषि सडकले महत्वपूर्ण योगदान गरेको भन्दै उक्त सडक पक्की भए झनै सहज हुने पौडेलले धारणा राख्नुभयो । "जैमिनी कृषिमा उर्भरभूमि हो, यहाँको सुन्तला, तरकारीलगायत अन्य कृषि उपजको बजारीकरणका लागि सडकले सहज बनाएको छ", उहाँलेभन्नुभयो। सकुर्वातर्फश्रीमन इन्टरप्राइजेजले ठेक्का सम्झौता गरी एक महिनादेखि स्तरोन्नतिको काम गरिरहेको सो कम्पनीका प्रतिनिधि नीराजन खतिवडाले बताउनुभयो। एक महिनादेखि कृषि सडकको स्तरोन्नति भइरहेको उहाँको भनाइ छ।

# त्रिकोणात्मक टि–२०: पपुवा न्युगिनीलाई हराउँदै नेपाल फाइनलमा

**रासस**
काठमाडौं, २९ फागुन

त्रिकोणात्मक अन्तर्राष्ट्रिय टि-२० शृङ्खलाको दोस्रो खेलमा नेपालले पपुवा न्युगिनीलाई पराजित गर्दै प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ।

हङकङको मोङकोकस्थित मिसन रोड क्रिकेट मैदानमा आज भएको खेलमा नेपालले पपुवा न्युगिनीलाई ८५ रनले पाखा लगाउँदै प्रतियोगिताको फाइनलमा पुगेको हो । जितसँगै नेपालले दुई खेलमा तीन अङ्क जोडेको छ । यसअघि भएको नेपाल र हङकङबीचको पहिलो खेल वर्षाका कारण रद्द भएको थियो।

नेपालले प्रस्तुत गरेको एक सय ९९ रनको लक्ष्य पछ्याएको पपुवा न्युगिनी १६ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै एक सय १३ रनमा समेटियो । पपुवा न्युगिनीका लागि हिरी हिरीले सर्वाधिक २८ रनको योगदान दिए। त्यस्तै सेसे बाउले २१, टोनी उराले १३ र नसैना पोकनाले १२ रन बनाए।

नेपालका लागि कुशल भुर्तेलले चार विकेट लिए भने प्रतिश जिसीले दुई विकेट झारे । त्यस्तै आकाश चन्द र गुल्सन झाले समान एक-एक विकेट लिए। त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै एक सय ९८ रन बनाएको थियो । नेपालका लागि कुशल भूर्तेलले ३९ बलमा समान चार चौका र छक्काको मद्दतले सर्वाधिक ५९ रनको योगदान दिएर नेपालको प्रतिष्ठा बढाएका हुन्।

यसैगरी, सन्दीप जोराले २६ बलमा चार छक्का र तीन छक्काको मद्दतले ५६ रन बनाए भने विनोद भण्डारीले २७ रन जोडे। विवेक यादवले १९, गुल्सन झाले १५ तथा लोकेश बमले १४ रन बनाए। पपुवा न्युगिनीका लागि कप्तान असाद भालाले दुई विकेट लिँदा नसैना पोकना, जोन कारिको र नोर्मन भानुआले समान एक-एक विकेट लिएका थिए।

# सामूहिक ढाका बुनाइबाट आत्मनिर्भर बन्दै महिला

**पोखरापत्र संवाददाता**
बागलुङ, २९ फागुन

ताराखोला गाउँपालिकाका महिला सामूहिकरूपमा उद्यममा लागेका छन्।

ताराखोला -२ अर्गलका महिलाले गाउँमै उद्यमी बन्ने उद्देश्यले ढाका उद्योग सञ्चालनमा ल्याएका छन् । अघिल्लो वर्ष एकमहिने तालिम लिएपछि अर्गलका महिलाले सामूहिकरूपमा ढाका उत्पादनमा लागेका हुन्।

गतवर्ष फागुनमा एक महिना तालिम लिएपछि रु सात लाख लगानीमा ताराखोला होजियारी लघुउद्यमी समूहमार्फत ढाकाका सामान उत्पादनमा लागेकाको समूहकी अध्यक्ष दिलकुमारी घर्तीमगरले बताउनुभयो। उद्योग सातजना महिलाले सञ्चालन गरेको उहाँको भनाइ छ।

उद्योगबाट ढाकाका विद्यालय पोशाक, स्वीटर, मफलर, आउटर, ट्राउजर, टोपी र गलबन्दीलगायत सामग्री उत्पादन गर्दै आएको अध्यक्ष घर्तीमगरले बताउनुभयो । ताराखोला गाउँपालिकाको ७५ र उद्यमी महिलाको २५ प्रतिशत लगानीमा उद्यम सुरु गरिएको भन्दै उत्पादन गरेको सामग्री गाउँमै राम्रो खपत भइरहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "उद्योग सञ्चालन गर्न गाउँपालिकाले धेरै सहयोग गरेको छ, हामीले पनि मेहनत गरिरहेका छौँ, छोटो समयमा पनि निकै राम्रो भएको छ, हामीहरूले उत्पादन गरेका सामग्री बिक्री भएन भनेर पिर गर्ने अवस्था छैन, यहीँबाट खपत भइरहेको छ, सिक्दै काम गर्दै गर्दा पनि धेरैतिरबाट हौसला मिलेको छ", उद्योगलाई थप व्यवस्थित बनाउँदै जाने योजनामा छौँ, गाउँमा पनि केही गर्न सकिने रहेछ भन्ने लागेको छ ।" ताराखोला गाउँपालिकाकी उद्यम विकास सहजकर्ता निरु घर्तीले महिला उद्यमीले उत्पादन गरेका सामग्रीले बजार पाइराखेको बताउनुभयो। प्रचारप्रसारकालागि समय-समयमा मेला महोत्सवमा लगेर प्रद्धर्शनसमेत गर्ने गरेको भन्दै पछिल्लो समय ग्राहक उद्योगमै आएर लैजाने गरेको उहाँको भनाइ छ । एकमहिने तालिमले यहाँका महिलाको दैनिकी नै बदलिएको भन्दै पहिले घरको चुलोचौकामा सीमित हुने महिला अहिले उद्यमी बन्न थालेको घर्तीले बताउनुभयो।

गाउँपालिकाले उद्यमीका लागि निरन्तर सहयोग गर्दै आएको उहाँको भनाइ छ । "यहाँका महिला दिदीबहिनी निकै उत्साहित भएर काम गर्नुभएको छ, उहाँहरूले सञ्चालन गरेको उद्योगमा गाउँपालिकाले पनि सहयोग गर्दै आएको छ, सुरुमा तालिम लिने बेला त्यत्ति उत्साह देखिएन तर अहिले धेरैले चासो दिनुभएको छ", सहजकर्ता घर्तीले भन्नुभयो, "उद्यम र सीपले यहाँका महिलालाई आत्मनिर्भर बनाउन थालेको छ, बजारको कुनै समस्या नभएको हुँदा उत्पादन पनि निरन्तर गरिराख्नुभएको छ, गाउँपालिकालेगर्नेप्राविधिकदेखि विभिन्न किसिमका सहयोग गर्दै आएको छ।"

# सिद्धेश्वर गुफालाई पर्यटकीय केन्द्रका रूपमा विकास गर्न पहल

**पोखरापत्र संवाददाता**
तनहुँ, २९ फागुन

तनहुँको म्याग्दे गाउँपालिका-७ पयरेमा अवस्थित सिद्धेश्वर गुफा प्रचारप्रसार नहुँदा ओझेलमा पर्दै आएको छ। पर्यटकीय सम्भावना बोकेर पनि प्रचारप्रसारको अभावमा यस ठाउँका बारेमा धेरैलाई जानकारी हुन सकेको छैन।

यस ठाउँको प्रचारप्रसार गर्दै धार्मिक गन्तव्यस्थल बनाउन स्थानीय जुटेका छन् । धेरै वर्ष पहिलादेखि रहेको गुफाका बारेमा अधिकांशलाई जानकारी नभएपछि स्थानीय यसको प्रवर्द्धनमा जुटेका हुन्। स्थानीय श्रीभद्र आचार्यले यस ठाउँलाई पर्यटकीयस्थल बनाउन पहल थालिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यस गुफाका बारेमा धेरैलाई थाहा छैन, सामाजिक सञ्जालमार्फत पनि हामीले प्रचारप्रसारमा जोड दिएका छौँ, स्थानीय सरकारलाई पनि यस ठाउँको विकासका लागि अनुरोध गरेका छौँ।"

आचार्यसहितका स्थानीयले केही दिन अगाडि मात्रै गुफाभित्र शिवलिङ्ग, गणेश, नाग, शङ्खलगायत आकृतिसहितको संरचना फेला पारेका थिए। उहाँले भन्नुभयो, "गुफाभित्र शिवलिङ्ग भएको बारेमा हामीलाई पनि थाहा थिएन, गुफा अवलोकनका क्रममा उक्त शिवलिङ्ग भेटियो, नजिक भएर पनि हामी अन्यौलमा रहेछौँ, शिवलिङ्गमा आफैँ जल चुहिने गरेको छ।" शिवलिङ्गको माथिपट्टि रहेको ढुङ्गाबाट आफैँ जल चुहिएर शिवलिङ्गमा तपतप झर्ने गरेको उहाँको भनाइ छ । स्थानीयले महाशिवरात्रि पर्वका अवसरमा गुफाभित्र रुद्री लगाएर शिवलिङ्गको प्रतिस्थापन गरेका छन्। सो दिन स्थानीय गुफाभित्रै रातभर बत्ती बालेर जागाराम बसेका थिए । आचार्यले भन्नुभयो, "परापूर्वकालमा यस ठाउँमा भगवान शिवजीले बास गरेको ठाउँ हो, यहाँ एक सय आठ बेलका वृक्ष पनि छन्, यहाँको वस्तुस्थिति हेर्दा शिवको बास थियो भन्नेमा द्विविधा छैन, यसको संरक्षण र प्रवर्द्धन गर्नुपर्छ भनेर हामी जुटेका हौँ ।" सिद्धेश्वर गुफाको प्रवर्द्धनका लागि स्थानीय सरकारले पनि चासो देखाएको छ। यस ठाउँलाई गाउँपालिकाको पर्यटकीयस्थलका रूपमा लिँदै निकट भविष्यमा यसको थप व्यवस्थापनमा पनि पालिकाले सहयोग गर्ने वडाध्यक्ष वसन्त श्रेष्ठले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "गाउँपालिकाले पालिकाभित्रका सबै पर्यटकीयस्थलको प्रचारप्रसार, पर्यटन प्रवर्द्धन, पूर्वाधार निर्माणमा सहयोग गरिरहेको छ, यस ठाउँको विकासका लागि पनि पालिकाले सहयोग गर्नेछ।"

# कर्मचारीले आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा पढाउनुपर्ने

**पोखरापत्र संवाददाता**
तनहुँ, २९ फागुन

तनहुँको आँबुखैरेनी गाउँपालिकाअन्तर्गतकाविद्यालयका प्रधानाध्यापक, शिक्षक र कर्मचारीले छोराछोरी सामुदायिक विद्यालयमा पढाउने निर्णय गरेका छन्। गाउँपालिका भित्रका विद्यालयका प्रधानाध्यापकको बैठकले आगामी शैक्षिकसत्रदेखि प्रधानाध्यापक, शिक्षक र कर्मचारीले आफ्ना छोराछोरीलाई अनिवार्यरूपमा सामुदायिक विद्यालयमै पढाउनुपर्ने निर्णय गरेको हो।

गाउँपालिकाअन्तर्गतका सामुदायिक विद्यालयको शैक्षिकस्तर वृद्धि र सकारात्मक सन्देश दिनका लागि सो निर्णय भएको गाउँपालिकाका शिक्षा शाखा प्रमुख निर्मला कुँवरले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "नयाँ शैक्षिकसत्रदेखि यो निर्णय लागू हुनेछ ।" गाउँपालिकाका जनप्रतिनिधिले विसं २०७९ को शैक्षिकसत्रदेखि सामुदायिक विद्यालयमा भर्ना गर्ने अभियान सुरु गरेका थिए। जनप्रतिनिधिको अभियानलाई साथ दिन प्रधानाध्यापक तथा शिक्षकहरूले उक्त निर्णय गरेको उहाँले बताउनुभयो। गाउँपालिकाले सुरु गरेको शैक्षिक सुधार अभियानमा शिक्षकहरूले सहयोग गरेर आफूलाई थप हौसला मिलेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताउनुभयो । उहाँले भन्नुभयो, "जनप्रतिनिधिले अघिल्लो शैक्षिकसत्रमै छोराछोरी सामुदायिक विद्यालयमा पढाइसकेका छन्।

शिक्षकहरूले पनि यो कदमलाई साथ दिनुभएको छ। यो ऐतिहासिक काम हो।" गाउँपालिकाले विसं २०८० लाई सामुदायिक विद्यालयको शिक्षा रुपान्तरणको अभियानका रूपमा अगाडि बढाएको छ। सामुदायिक विद्यालयको सुधारका निम्ति सुविधासम्पन्न भौतिक पूर्वाधारको व्यवस्थापन, पूर्ण दरबन्दीको व्यवस्थापन, सिकाइ गुणस्तर अभिवृद्धिलगायतका कार्यक्रम सञ्चालन गरिने अध्यक्ष चुमानको भनाइ छ। आँबुखैरेनी गाउँपालिकाका छवटा वडामा ३५ सामुदायिक विद्यालय छन् । ती विद्यालयमा करिब चार सय विद्यार्थी अध्ययनरत छन्। गाउँपालिकाले सामुदायिक विद्यालयमा पढाउने परिवारलाई कर छुट दिने नीतिसमेत ल्याएको छ। त्यस्तै सामुदायिक विद्यालयमा छोराछोरी पढाउने वडा नं ४, ५ र ६ का परिवारका लागि पालिकाले निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरिने उहाँले बताउनुभयो । "सामुदायिक विद्यालयमा आकर्षण वृद्धि गर्ने उद्देश्यसहित कर छुट, स्वास्थ्य बीमाको योजना ल्याइएको हो", अध्यक्ष चुमानले भन्नुभयो।

गाउँपालिकाले सामुदायिक विद्यालयमा अनुदानमा बस वितरणको तयारीसमेत थालेको छ । पहिलो चरणमा तीनदेखि पाँचवटा विद्यालयलाई बस हस्तान्तरण गरिने जनाइएको। गाउँपालिकाले आमा समूह भवनका लागि बजेट विनियोजन गर्नुभन्दा उक्त बजेट विद्यालयको सुधारमा खर्च गर्ने निर्णय गरेको छ।

# अठार वर्षपछि स्वदेश फर्केर बाखापालन

**पोखरापत्र संवाददाता**
पोखरा, २९ फागुन

स्याङ्जाको गल्याङ नगरपालिका-६ पिर्डीखोलास्थित सिस्नेरीका लालप्रसाद गुरुङले गाउँमा बाखापालक किसानको पहिचान बनाउनुभएको छ । भारत, सिङ्गापुर, मलेसिया, कतार, कुवेतलगायत देशमा १८ वर्ष रोजगार गरेर फर्किएपछि उहाँले गाउँमै बाखापालन व्यवसाय सुरु गर्नुभएको हो ।

परम्परागत रूपमा बाउबाजेले गरेको बाखापालनलाई विस्थापित गरेर आधुनिक बाखापालन गर्ने सोचसहित गुरुङले अढाई वर्षपहिले रु पाँच लाख लगानी गरेर कृष्टिना गुरुङ बोयर बाखा तथा कृषि पशुपक्षी फार्ममार्फत १२ बाखाबाट व्यवसाय सुरु गर्नुभएको थियो ।

गुरुङले २०७८ सालमा म्याग्दीबाट रु एक लाख ५० हजार बोयर बाखाको पाठो र चापकोटबाट रु एक लाख २० हजार बोयर माउ ल्याएर बाखापालन थालेको बताउनुभयो । "बाखापान गर्दै जाँदा रु सात लाख लगानी गरेर आधुनिक खोर बनाएँ," उहाँले भन्नुभयो, "फार्ममा अहिले ५६ बाखा छन् ।" गुरुङको फार्म चरन क्षेत्र, घाँसे बारी, खोरसहित १५ रोपनी क्षेत्रफलमा फैलिएको छ ।

"लामो समय विदेश बस्दा पनि खासै उपलब्धि हुन सकेन, अलिअलि कमाएको पैसाले बाखापालन गरेर परिवारसँग बस्छु भन्ने सोच थियो, युट्युब हेर्दै जाँदा नेपालमा बोयर बाखाको राम्रो सम्भावना रहेको देखेँ", उहाँले भन्नुभयो, "हाम्रोजस्तो ठाउँमा सिधै बाहिरबाट ल्याएको शुद्ध बोयर राम्रो नहुने भएकाले खरी जातका बाखामा बोयर क्रस गरेर बाखा पाल्दै आएको छु ।" गुरुङले खोर निर्माण, घाँस रोपण, चरन क्षेत्र व्यवस्थापनलगायत संरचनामा अहिलेसम्म रु १८ लाख लगानी पुगेको सुनाउनुभयो।

उहाँले खरी जातका बाखामा बोयर क्रस गर्दै शुद्ध बोयर बनाउने लक्ष्यका साथ बाखापालन सुरु गरेको बताउनुभयो । "हाल मेरो फार्ममा ७५ प्रतिशत, ६२ प्रतिशत र ५० प्रतिशतका बोयर बाखा रहेका छन्", उहाँले भन्नुभयो, "आगामी तीन वर्षमा शतप्रतिशत बोयर बाखा बनाउने उद्देश्य छ ।"

गुरुङले कोरोनाकालमा लकडाउनले गर्दा बाखापालन व्यवसायलाई सोचेअनुसार गति दिन नसकेको गुनासो गर्नुभयो । "स्वदेश फर्केर बाखापालन गर्छु भन्ने सोचले रकम जम्मा पारेको थिएँ", उहाँले भन्नुभयो, "स्वदेश फर्किएपछि लकडाउन भयो, सोचेजस्तो लगानी गर्न सकिएन, लगानीको अभावमा व्यवसाय विस्तारमा अल्लि ढिला भयो ।"

अहिले व्यवसाय राम्रो हुँदै गएको उहाँले बताउनुभयो । "उत्पादन गर्न सके बजार पनि राम्रो छ", गुरुङले भन्नुभयो, "प्रतिकिलो रु नौ सय ५० मा वालिङ बजारमै काटेको मासु बिक्री गर्दै आएको छु, उत्पादन कम भएकाले बाहिरको माग धान्न सकिरहेको छैन ।" खोर अग्लो भएका कारण जाडो मौसममा समस्या देखिने गरेको सुनाउँदै उहाँले हालसम्म विभिन्न रोगका कारण ४४ बाखा मरेको बताउनुभयो । गुरुङले पशुपक्षीमा स्वास्थ्य समस्या आएमा गल्याङ नगरपालिकाको पशु स्वास्थ्य समूहले तत्काल सेवा दिँदा आफूलाई सहज भएको बताउनुभयो । जिल्ला पशु विज्ञबाट खोर सुधार कार्यक्रमअन्तर्गत रु एक लाख ५० हजार र नगरपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत रु ३३ हजार अनुदान दिएको उहाँले सुनाउनुभयो । गाउँमा गरेको व्यवसाय फस्टाउँदै गएपछि गाउँलेहरू र विभिन्न सामाजिक व्यक्तित्वले व्यवसायलाई थप विस्तार तथा व्यवस्थित गराउन सुझाव दिने गरेको उहाँले बताउनुभयो । उहाँले चरन क्षेत्रको पनि राम्रो सुविधा भएको बताउनुभयो । "बाखापालन गर्दा घाँसको व्यवस्थापन गरेर पाल्न सकियो भने उत्पादन लागत मूल्य घट्न जान्छ", गुरुङले भन्नुभयो, "मैले स्थानीय जातका घाँसबाहेक उन्नत जातका १२ प्रकारका घाँस लगाएको छु ।"

उहाँले करिब चार सय बोट सुन्तला पनि लगाउनुभएको छ । उहाँका सुन्तला बगैँचामा केहीले उत्पादन दिएका छभने केहीले निकट भविष्यमै उत्पादन दिने बताउनुभयो । गुरुङ बिहान ४:३० देखि साँझ ७ बजेसम्म नै बाखाको स्याहारसुसार र रेखदेखमा खटिने गर्नुहुन्छ । उहाँको कामलाई श्रीमती भीमकुमारी गुरुङले पनि राम्रो साथ दिँदै आउनुभएको छ । उहाँका एक छोरी पनि हुनुहुन्छ ।

गुरुङलाई १८ वर्ष विदेश बसेकामा पछुतो छ । उहाँले विदेशको श्रम स्वदेशमा गर्ने हो भने विदेशभन्दा राम्रो कमाई गर्न सकिने अनुभव सुनाउनुभयो । गुरुङले आफूले गर्ने कामको प्राविधिक ज्ञान लिएर निरन्तर काम गर्न सकेमा सफलता प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले कृषकलाई आधुनिक प्रविधिसहितका तालिमको व्यवस्था निरन्तर गरिदिन सरोकारवालासँग आग्रह गर्नुभयो ।

# सहस्राब्दी पदमार्गमा सिँढी बाटो निर्माण

**पोखरापत्र संवाददाता**
तनहुँ, २९ फागुन

तनहुँको दुलेगौडादेखि स्याङ्जाको रामबाछा जोडिने सहस्राब्दी पदमार्ग (मिलेनियम ट्र्याक) अन्तर्गत पुतलीबजार नगरपालिका-१२ गैरीस्वारादेखि केघा देउराली जाने तथा तनहुँको शुक्लागण्डकी नगरपालिका-१२ बाबियाडाँडा ठाँटीमा सिँढी बाटो निर्माण गरिएको छ ।

गण्डकी प्रदेश सरकारको चालू आर्थिक वर्षमा विनियोजित रु २० लाख रकममध्ये गैरीस्वारादेखि केघा देउरालीको दुई सय ६५ मिटर बाटोका लागि रु १० लाख र बाबियाडाँडा ठाँटीको दुई सय ८५ मिटर बाटोका लागि रु १० लाख छुट्याएर काम गरिएको मिलेनियम ट्र्याक व्यवस्थापन समितिका महासचिव हर्क गुरुङले बताउनुभयो । गैरीस्वारादेखि केघा देउरालीको सिँढी बाटो सोमबार गण्डकी प्रदेश सरकारका पूर्वमन्त्री सीता सुन्दासले उद्घाटन गर्नुभएको थियो । सन् २००० देखि सञ्चालनमा आएको नेपालकै एक मात्र मध्यपहाडी क्षेत्रको यस पदमार्गलाई व्यवस्थित गर्ने लक्ष्यका साथ पदमार्ग क्षेत्रका विभिन्न स्थानमा पूर्वाधार विकासका कामलाई प्राथमिकताका साथ अघि बढाइएको उहाँले बताउनुभयो ।

दुलेगौडादेखि रामबाछासम्म कूल ७२ किलोमिटर दूरीको यस पदमार्गलाईछिल्लोनक्साङ्कनअनुसार पोखरा महानगरपालिकासँग पनि जोडिसकिएको छ । कोभिडलगायतका कारण बीचको समय सुस्ताएको यहाँको पदयात्रा पर्यटनमा पछिल्ला समयमा स्वदेशी एवं विदेशी पर्यटकको आकर्षण बढिरहेको उहाँले बताउनुभयो ।

# मेलाबाट भएको आम्दानीबाट पर्यटकीय पूर्वाधार निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २९ फागुन

मेला सञ्चालन गरेर भएको आम्दानी, दाताको सहयोग र श्रमदान जुटाएर म्याग्दीको धवलागिरि गाउँपालिका-७ मच्छिममा पर्यटकीय पूर्वाधार निर्माण भएको छ ।

मच्छिमको भूमे युवा क्लबले गत वर्ष श्रीपञ्चमी पर्वका अवसरमा आयोजना गरेको मेलाबाट भएको आम्दानीले मच्छिमको डाँडामा पर्यटकीय पूर्वाधार निर्माण गरेको हो । क्लबका पूर्वअध्यक्ष मिलन छन्त्याल (शेरबहादुर)ले मच्छिमको डाँडामा दृश्यावलोकनस्थल, सार्वजनिक शौचालय र प्रतिक्षालय निर्माण गरिएको जानकारी दिनुभयो। "मेला सञ्चालन गरेर भएको आम्दानी, दाताको सहयोग र श्रमदान जुटाएर मच्छिम भ्यू स्टेशनमा पूर्वाधार बनाएका हौँ", उहाँले भन्नुभयो, "पूर्वाधार निर्माणमा श्रमदानबाहेक करिब रु नौ लाख खर्च भएको छ ।" मच्छिमको दृश्यावलोकनस्थलबाट मच्छिम र छिमेकी गाउँ, नागबेली परेर बगेको म्याग्दी नदी, धवलागिरि, गुर्जालगायत हिमालको मनोरम दृश्यावलोकन गर्न सकिन्छ । त्यहाँ जानकारी र सूचनामूलक बोर्ड राखिएको छ । गर्मीमा शीतल र चिसोमा घाम ताप्दै दृश्यावलोकन गर्न सकिने भएको छ । पानी पर्दा, हावाहुरी चल्दा प्रतिक्षालयमा आश्रय लिन सकिन्छ । यसैगरी शवदाहस्थल बनाएको, खेलमैदान र खानेपानी आयोजना मर्मत गरिएको छन्त्यालले जानकारी दिनुभयो । हेम नमूना आवासीय मावि, काफलडाँडा, मच्छिमको भूमे आधारभूत, फलियागाउँको धनजनता माविलाई शैक्षिक सामग्री सहयोग गरिएको छ । गाउँका विपन्नलाई दाल, चामल सहयोग गरिएको छन्त्यालले बताउनुभयो । युवाहरूलाई फुर्सदको समयमा सामाजिक काम र खेलकुद गतिविधिमा सहभागी गराउँदै आएको छ । मच्छिम गाउँमा एक सय २० घरधुरीको बसोबास छ । अल्पसङ्ख्यक छन्त्याल, दलित, थकाली, क्षत्री र मगर समुदायको बसोबास रहेको छ । गाउँपालिकाको केन्द्र मुना जोड्ने मूल सडकमा पर्ने मच्छिमगाउँ 'गुरिल्ला' पदमार्गमा पर्छ ।

# बैरेनी एकीकृत बस्ती आयोजना: जग्गाधनीलाई जग्गा र पुर्जा वितरण गरिँदै

**पोखरापत्र संवाददाता**
तनहुँ, २९ फागुन

व्यास नगरपालिकाद्वारा सञ्चालित 'बैरेनी जग्गा एकीकरण' आयोजना अन्तर्गतका जग्गाधनीलाई जग्गा र अस्थायी जग्गाधनी पुर्जा वितरण गर्ने तयारी गरिएको छ ।

व्यास-१० स्थित बैरेनीमा कूल एक हजार पाँच सय ३७ रोपनीमध्ये पहिलो चरणमा दुई सय ६१ रोपनी क्षेत्रफलमा एकीकृत बस्ती विस्तारका काम भइरहेको हो । अबको दुई वर्षभित्र जग्गाधनीलाई स्थायी जग्गाधनी पूर्जा वितरण गर्ने लक्ष्यका साथ निर्माण अघि बढाइएको आयोजना प्रमुख इन्जिनियर रवीन्द्र मुलले जानकारी दिनुभयो ।

उहाँका अनुसार पहिलो चरणमा विकासित निजी घडेरी ६९ दशमलव १७ प्रतिशत, बाटो र ढल निर्माणमा १८ दशमलव ९४ प्रतिशत, खुल्ला क्षेत्र सार्वजनिक पाँच दशमलव ८८ प्रतिशत, बिक्रीयोग्य जग्गा चार दशमलव ७९ प्रतिशत र खोल्सी तथा रिटेनिङ पर्खालमा एक दशमलव १२ प्रतिशत आयोजनाको भू-उपयोगका लागि छुट्याइएको छ ।

त्यसैगरी, दोस्रोचरणमा पक्की नाला कभर सडकसहित कालोपत्र, ढल व्यवस्थापन, आयोजना क्षेत्रमा एक सय आठ वटा विद्युत् पोल निर्माण गरी प्रसारण लाइनका लागि विद्युत् प्राधिकरण तनहुँ वितरण केन्द्रसँग समन्वय गरिनेछ ।

त्यसैगरी आयोजना अन्तर्गत सडकका दायाँबायाँ सडक सञ्जालसँगै खानेपानीका लागि पाइप विच्छ्याइनुका साथै उपभोक्ता समिति भवन निर्माण गर्ने योजना रहेको आयोजना प्रमुख मुलले बताउनुभयो । बिक्रीयोग्यमा रहेको चार दशमलव ७९ प्रतिशत अर्थात करिब तेह्र रोपनी जग्गा पूर्वाधार निर्माण लागि छड्याइएको र सो जग्गा बिक्री गरेर नगर विकास कोषसँग लिएको ऋण तिर्ने योजना छ। विसं २०७७ मा नगर विकास कोषको प्राविधिक सहयोगमा बैरेनी जग्गा एकीकरण विकास आयोजनाको सुरुवात गरिएको थियो। विसं २०७८ फागुन २ गते राजपत्रमा आयोजना स्वीकृतिको सूचना प्रकाशित भएपछि निर्माण कार्यले गति लिएको हो ।

एकीकृत बस्ती आयोजनाको निर्माण सम्झौता अगावै सम्पन्न गर्नेमा भक्तपुरपछिको व्यास नगरपालिका अग्रसर बनिरहेको उहाँले बताउनुभयो । उक्त आयोजनामा नगर विकास कोषको ७० र नगरपालिकाको ३० प्रतिशत लगानी रहेको छ । कूल रु तेह्र करोडमध्ये कोषले रु नौ करोड १० लाख ५० हजार चार सय र नगरपालिका तथा गण्डकी प्रदेशको रु चार करोड लगानी छ। "नगर विकास कोषसँग लिएको ऋण भुक्तानी गर्नुपर्ने अवधि छ वर्षको रहेको छ भने वार्षिक ब्याजदर आठ प्रतिशतमा ऋण लगानी गरेको छ । विसं २०८१ सम्म आयोजनाको निर्माण अवधि रहेको छ", उहाँले भन्नुभयो "निर्माण अवधिभर लिएको ऋणको कुनै ब्याज र किस्ता तिर्नुपर्दैन् ।" विसं २०८५ भित्र आयोजना सम्पन्न गर्ने सम्झौता रहेपनि २०८२ भित्र सम्पन्न गर्ने तरिकाले काम भइरहेको उहाँको भनाइ छ । बस्तीले साँघुरिँदै गएको दमौलीमा एकीकृत बस्ती बसाउन दीर्घकालीन सोचका साथ नगरपालिका अघि बढेको व्यासका नगरप्रमुख बैकुण्ठ न्यौपानेले बताउनुभयो । "दमौली बजार र भादगाउँ क्षेत्र बस्ती विस्तारले साँघुरिएको छ", उहाँले भन्नुभयो, "भावी पुस्ताका लागि पनि बस्ती बसाउन नगरपालिकाले नगर विकास कोषसँग हातेमालो गर्दै अघि बढेको हो ।"

# देशभरका खोरमा ११ समस्याग्रस्त बाघ, 'टाइगर जु' बनाउन विज्ञको सुझाव

**रासस**
काठमाडौं, २९ फागुन

पछिल्लो समयमा नेपालमा पाटे बाघको सङ्ख्यामा उल्लेख्य वृद्धि भएसँगै राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र र आसपासका क्षेत्रमा समस्याग्रस्त बाघको समस्या पनि बढेको छ । खासगरी बस्तीमा पसेका, मानव तथा घरपालुवा जनावरलाई आक्रमण गरेका र घाइते अवस्थामा भेटिएका बाघलाई उद्धार गरेर खोरमा राख्ने गरिएको छ ।

हाल मुलुकभर यस्ता समस्याग्रस्त बाघको सङ्ख्या ११ रहेको छ। तीमध्ये ललितपुरको जावलाखेलस्थित सदर चिडियाखाना तथा चितवन राष्ट्रिय निकुञ्जमा छ/छ, बर्दिया राष्ट्रिय निकुञ्जमा पाँच, बाँके र पर्सा राष्ट्रिय निकुञ्जमा एक/एक बाघ खोरमा राखिएका छन् । बर्दिया र पर्सामा यस्ता दुई बाघ केही समय अघि मात्रै खोरमै मरेका थिए । यस्ता बाघको दैनिक आहारा, हेरचाह, उपचार र अन्य व्यवस्थापनमा बर्सेनि सरकारको ठूलो रकम खर्च हुँदै आएको छ । विगत दश वर्षमा नेपालमा बाघको सङ्ख्या दोब्बरभन्दा बढीले वृद्धि भएको छ । सन् २०२२ मा गरिएको राष्ट्रिय बाघ गणनाअनुसार नेपालमा हाल बाघको सङ्ख्या तीन सय ५५ पुगेको छ ।

बाघलाई मार्न र बेचबिखन गर्न नपाइने कानुनी प्रावधान छ । तसर्थ समस्याग्रस्त बाघको व्यवस्थापनका लागि 'टाइगर जु' स्थापना गर्नुपर्ने, मित्रराष्ट्रलाई उपहारस्वरुप प्रदान गर्नुपर्ने, प्रदेशमा रहेका प्राणीउद्यानमा राख्नुपर्ने, केही उपाय नलागे मार्नुपर्नेलगायत विकल्पमाथि बहस सुरु भएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा सिन्धुप्रसाद ढुङ्गाना वातावरणीय क्षमताका हिसाबले नेपालमा समग्रमा बाघको सङ्ख्या बढी भएको आइकलन गर्दै अटाउने निश्चित क्षेत्रभन्दा बढी भएपछि बाघ आहाराको खोजीमा जङ्गलबाहिर आउने गरेको बताउनुहुन्छ । जङ्गलबाहिर निस्केको र मानव तथा वन्यजन्तुलाई आक्रमण गरेको बाघलाई पुनः जङ्गलमा फर्काउँदा खतरा कायमै रहने उल्लेख गर्दै उहाँ भन्नुहुन्छ, "समस्याग्रस्त बाघलाई ठूलो खोर बनाएर 'टाइगर सेन्चुरी' अवधारणामा वरपर जालीबाट मानिसले हेर्न सक्ने गरी राख्ने कि भन्ने योजनामा छौँ, तर यसका लागि नियमितभन्दा थप धेरै बजेट आवश्यक पर्छ ।"

यसबाहेक समस्याग्रस्त बाघको तत्काल व्यवस्थापनका लागि कोशी टप्पुतिर पनि खोर बनाएर सार्ने, प्राणी उद्यानमा उद्धार केन्द्र बनाएर राख्ने, मित्रराष्ट्रलाई उपहार दिनेलगायत विभिन्न विकल्पका बारेमा छलफल भइरहेको महानिर्देशक डा ढुङ्गानाको भनाइ छ । यसरी खोरमा राखेका प्रत्येक बाघलाई आहाराका रूपमा दैनिक पाँच किलो मासु दिने गरिएको छ । साथै व्यवस्थापन र घाइते बाघको उपचारका लागि थप जनशक्तिको समेत परिचालन हुँदै आएको छ । वन तथा वातावरण मन्त्रालयका सहसचिव डा महेश्वर ढकाल बाघको सङ्ख्या बढेसँगै अब दायित्व पनि थपिएको बताउनुहुन्छ । मानव बस्तीबाट उद्धार गरेको बाघ स्वस्थ छभने तत्काल पुनः वन क्षेत्रमा नै पुनःस्थापना गर्नुपर्ने उहाँको भनाइ छ । यसबाहेक 'टाइगर जु' बनाएर व्यवस्थापन गर्नुपर्ने, प्रदेशका चिडियाखानामा व्यवस्थापन गर्नुपर्ने र मित्रराष्ट्रलाई उपहार दिनुपर्ने उहाँको सुझाव छ । "उपरोक्त कुनै पनि उपाय लागेन भने समस्याग्रस्त तथा घाइते बाघलाई मार्नुपर्ने अवस्था पनि हुनसक्छ, जुन अन्तराष्ट्रिय अभ्यासमा पनि छ", सहसचिव डा ढकाल भन्नुहुन्छ। यस्तै बर्दिया राष्ट्रिय निकुञ्जका चिफ वार्डेन डा अशोक राम मानिस र घरपालुवा जनावरलाई आक्रमण गरिसकेका तथा खोरमा तयारी आहारा खाने बानीले अल्छि भइसकेको हुँदा त्यस्ता बाघलाई खुला वनक्षेत्रमा पुनः छाड्न नसकिने तर्क गर्नुहुन्छ। उहाँ प्राकृतिक रूपमा बाघको धान्ने क्षमता, मानव-बाघ द्वन्द्वका बारेमा यकिन गर्न गहिरो अध्ययन अनुसन्धान गर्नुपर्ने आवश्यकतासमेत औल्याउनुहुन्छ । चिफ वार्डेन डा राम भन्नुहुन्छ, "सङ्ख्या बढ्नु भनेको समस्या त होइन, तर सङ्ख्या बढेसँगै समस्याग्रस्त बाघ चुनौतीका रूपमा देखिएका छन्, यीलगायत बुढा र घाइते बाघलाई बाचुन्जेल खोरमै राख्नुपर्ने बाध्यता छ ।" चितवन राष्ट्रिय निकुञ्जका चिफ वार्डेन दिलबहादुर पुन खोरमा रहेका बाघको आहार तथा व्यवस्थापन खर्चिलो भएको बताउनुहुन्छ । बाघको बासस्थानमा मानिस प्रवेश गर्दा र बाघ बासस्थान बाहिर निस्कदा मानवीय र अन्य क्षति हुने गरेको जानकारी दिँदै उहाँ भन्नुहुन्छ, "हामी त्यस्ता वन्यजन्तुलाई 'डार्ट' गरेर उद्धार गरी खोरमा राख्छौं ।" सदर चिडियाखानाको व्यवस्थापन गर्दै आएको राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी)का निर्देशक नरेश सुवेदी बाघलाई साँघुरो खोरमा राख्दा उसको जीवन कठिन भएको बताउनुहुन्छ । समस्याग्रस्त बाघलाई अलि ठूलो स्थानमा 'बाघ पार्क' जस्तो बनाएर प्रदर्शनमा राख्न सके बाघका लागि पनि राम्रो हुने र आय पनि हुने उहाँ सुझाउनुहुन्छ । समस्याग्रस्त बाघलाई खोरमा राख्दा अन्तरराष्ट्रिय मापदण्ड अनुसारको आहारा र हेरचाह गर्न नसकिएको उहाँको भनाइ छ । मानव-बाघ द्वन्द्व बढेको भन्ने सन्दर्भमा निर्देशक सुवेदी भन्नुहुन्छ, "बाघको सङ्ख्या बढेर द्वन्द्व बढेको होइन, त्यसबाहेक अन्य विभिन्न कारण पनि छन्, ९८ प्रतिशत मानव आक्रमणका घटना जङ्गल क्षेत्रमा भएका छन्, बाघले बासस्थान बाहिर आएर आक्रमण गरेका घटना ज्यादै न्यून छन्, केही घटना राति खोलामा माछा मार्न गएका बेला भएका उदाहरण छन् भने कुनै त क्षतिपूर्ति रकम पाइन्छ भनेर भारतमा भएका घटना पनि नेपालमा दाबी गर्ने गरिएको छ ।"


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २२ कालाबाङमा भुवनडाँडा मोटरबाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः भुवनडाँडा मोटर बाटो
ठेगानाः पोखरा-२२, कालाबाङ
योजना सम्झौता मितिः २०८०/१०/१२ गते
योजना शुरु मितिः २०८०/१०/१३ गते
योजना सम्पन्न हुने मितिः २०८०/११/३० गते
योजना सम्पन्न भएको मितिः २०८०/११/२८ गते
योजनाको कुल लागतः रु. ११,१५,०००/-
महानगरपालिकाबाटः रु. १०,००,०००/-
जनसहभागिताबाटः रु. १,१५,०००/-
अध्यक्षः मन बहादुर वि.क. सम्पर्क नं.: ९८०६७३६६९४
निर्माण समिति सदस्य संख्याः ७
महिलाः ३, पुरुषः ४

**भुवनडाँडा मोटर बाटो उपभोक्ता समिति**
**पोखरा-२२, कालाबाङ**


# गण्डकी प्रदेशस्तरीय पुरुष फुटबल चैत्रको अन्तिम साता

**पोखरापत्र संवाददाता**
पोखरा, २९ फागुन

गण्डकी प्रदेशस्तरीय पुरुष फुटबल चैत्रको अन्तिम साता पोखरामा हुने भएको छ ।

उक्त प्रतियोगिता प्रदेश खेलकुद परिषद गण्डकीको आयोजना तथा गण्डकी प्रदेश फुटबल संघको व्यवस्थापनमा हुन लागेको हो । प्रतियोगिता चैत्र २५ देखि ३० गते सम्म पोखरा रंगशालामा आयोजना हुने भएको छ ।

प्रदेश खेलकुद परिषद गण्डकीका कार्यकारी सदस्य दिल बहादुर गुरुङको संयोजकत्वमा गठित आयोजक समितिको बैठकले प्रतियोगिताको मिति निर्धारण गर्दै गण्डकी प्रदेशका ११ वटै जिल्लाबाट टिमको सहभागिता गराइने जनाइएको छ ।

नकआउटका आधारमा सञ्चालन हुने प्रतियोगिताको पहिलो चरणको तयारी सुरु भएको गण्डकी प्रदेश फुटबल संघका अध्यक्ष दिपेन्द्र श्रेष्ठले जनाएका छन् ।

प्रदेश खेलकुद परिषदका सदस्य सचिव श्रीधर शर्माको विशेष उपस्थितीमा सम्पन्न बैठकमा प्रदेश खेलकुद परिषदका सदस्य केशव पाठक, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तोरण बहादुर बाँनिया, गण्डकी प्रदेश फुटबल संघका महासचिव बिनोद गुरुङ, कास्की जिल्ला फुटबल संघका अध्यक्ष उज्जवल रञ्जितको सहभागिता रहेको थियो ।